बागमती प्रदेश सरकार

फोन नं. ०११-६६१४९२

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## सीप विकास तालिमको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकशित मिति २०८३/०४/२० गते)**

यस कार्यालयको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यही २०८३ भाद्र महिनाको दोस्रो हप्तादेखि नि:शुल्क सञ्चालन गरिने तपसिलका विषयक्षेत्रका **नियमित ३ महिने (३९० कार्यघण्टा)** सीप विकास तालिमहरुमा सहभागी हुन ईच्छुक निम्न योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (मिति २०८३।०५।०३ गते कार्यालय समयभित्र) दरखास्त फारम भरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रशिक्षार्थीहरुबाट तालिम बापत कुनै शुल्क लिइने छैन। दरखास्त फारम यस कार्यालयमा उपस्थित भई भर्न सकिनेछ वा कार्यालयको वेवसाइट www.sdokavre.bagamati.gov.np बाट download गर्न सकिनेछ। साथै सम्बन्धित तालिम सञ्चालन हुने नगरपालिका वा वडा कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ।

**सञ्चालन हुने सीप विकास तालिमहरु:**

| सि.न. | तालिमको विषय | तालिमको अवधि | न्यूनतम शैक्षिक योग्यता | अन्तर्वार्ताको मिति | तालिम सञ्चालन हुने स्थान | फारम पाइने स्थान/सम्पर्क |
|---|---|---|---|---|---|---|
| १. | केश श्रृङ्गार तथा सौन्दर्य बेसिक | ३ महिने/३९० कार्य घण्टा | कक्षा ८ उत्तीर्ण | २०८३/०५/०५ गते विहान १० बजेदेखि | सामाजिक विकास कार्यालय, धुलिखेल | सामाजिक विकास कार्यालय/ प्रशिक्षक अनुपा घिमिरे - 9845077366 |
| २ | सिलाई कटाई बेसिक | ३ महिने/३९० कार्य घण्टा | कक्षा ८ उत्तीर्ण | २०८३/०५/०४ गते विहान १० बजेदेखि | सामाजिक विकास कार्यालय, धुलिखेल | सामाजिक विकास कार्यालय/ प्रशिक्षक सम्बिका गुरुङ - 9864848369 |
| ३ | प्लम्बिङ बेसिक | ३ महिने/३९० कार्य घण्टा | कक्षा ८ उत्तीर्ण | २०८३/०५/०५ गते विहान ११ बजेदेखि | बनेपा नगरपालिका, वडा नं. २ | सामाजिक विकास कार्यालय/ बनेपा नगरपालिका/ प्रशिक्षक नवराज पौडेल - 9845147440 |
| ४ | विद्युत जडान बेसिक | ३ महिने/३९० कार्य घण्टा | कक्षा ८ उत्तीर्ण | २०८३/०५/०५ गते विहान ११ बजेदेखि | धुलिखेल नगरपालिका, धुलिखेल | सामाजिक विकास कार्यालय /धुलिखेल नगरपालिका सामाजिक शाखा/ प्रशिक्षक शम्भु आचार्य - 9841008997 |

**तालिम लिन इच्छुक उम्मेदवारहरुको योग्यता र पेश गर्नुपर्ने कागजातरु:**

१. तालिम लिन इच्छुक उम्मेदवारहरुको उमेर १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

२. दरखास्त फाराम / निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति

(ग) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ४ प्रति

३. तालिममा सहभागी हुने प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताद्वारा गरिनेछ। अन्तर्वार्ताका लागि तोकिएको मितिमा सम्बन्धित विषयहरुको तालिम सञ्चालन हुने स्थानहरुमा आफ्नो सक्कल कागजातहरु सहित उपस्थित हुनुपर्नेछ।

४. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम सञ्चालन मिति नतिजा प्रकाशनको दिन तोकिनेछ।

५. तालिममा गरीब, विपन्न, दलित, महिला, पिछडिएको वर्ग/समुदाय, अपाङ्गता भएका व्यक्ति, जनआन्दोलनमा घाइते, शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिइनेछ।

६. सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्यघण्टा दैनिक औषत ५ देखि ६ घण्टा तालिम सञ्चालन गरिनेछ।

रन मायो प्याक
कार्यालय प्रमुख